फोन नं. : ०६७-४२०१०९
E-mail : ec.deo.parbat@gmail.com

निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय

पर्वत

प.सं. : ०७९/८०

च.नं. : १०५

मिति :- २०७९।०७।०१

**विषय :- प्रारम्भिक अस्थायी मतदाता नामावली प्रकाशन गरिएको बारे ।**

श्री सरकारी कार्यालयहरु (सबै)
पर्वत जिल्ला ।
श्री सुरक्षा निकायहरु (सबै)
पर्वत जिल्ला ।
श्री स्थानीय तहहरु (सबै)
पर्वत जिल्ला ।

उपरोक्त सम्बन्धमा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९ अन्तर्गत समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनको लागि अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०७९ बमोजिम तोकिएको कार्यक्रम तालिका अनुसार विवरण संकलन भई आज मिति २०७९।०७।०१ गते प्रारम्भिक अस्थायी मतदाता नामावली प्रकाशन भएको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै प्रकाशित प्रारम्भिक अस्थायी मतदाता नामावली (PDF File) यसैसाथ संलग्न छ, ताहाँ कार्यालय र अन्तर्गतका कर्मचारीहरुको नामावली प्रकाशन तथा रुजु गरी गराई उक्त प्रारम्भिक अस्थायी मतदाता नामावलीमा नाम छुट भएका वा प्रकाशित विवरणमा त्रुटी भएका व्यक्तिले नाम समावेश गर्न तथा त्रुटी सच्चाउन मिति २०७९।०७।०३ गते कार्यालय समयभित्र तोकिएको अनुसारको ढाँचामा विवरण सहित निवदेन दिन सक्ने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

..............................
(लक्ष्मु शर्मा)
जिल्ला निर्वाचन अधिकारी

निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय
पर्वत

फोन नं. : ०६७-४२०१०९
E-mail : ec.deo.parbat@gmail.com

प.सं. : ०७९/८०

च.नं. :

मिति :- २०७९।०७।०१

## प्रारम्भिक अस्थायी मतदाता नामावली प्रकाशन गरिएको सम्बन्धी सुचना ।

उपरोक्त सम्बन्धमा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९ अन्तर्गत समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनको लागि अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०७९ बमोजिम तोकिएको कार्यक्रम तालिका अनुसार सरकारी कर्मचारी, सुरक्षाकर्मी र कारागारमा रहेका कैदी वन्दीहरुको विवरण संकलन भई अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०७९ को दफा ९ को उपदफा (३) बमोजिम प्रारम्भिक अस्थायी मतदाता नामावली संलग्न अनुसार यस कार्यालयमा प्रकाशन गरिएको छ ।

साथै प्रकाशित प्रारम्भिक अस्थायी मतदाता नामावलीमा नाम छुट भएका वा प्रकाशित विवरणमा त्रुटी भएका व्यक्तिहरुले नाम समावेश गर्न तथा त्रुटी सच्चाउन मिति २०७९।०७।०३ गते कार्यालय समयभित्र कार्यविधिको दफा १० बमोजिम तोकिएको अनुसारको ढाँचामा विवरण सहित निवदेन दिन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

..................................

(लक्षु शर्मा)

जिल्ला निर्वाचन अधिकारी